**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेन्द्र मोदीले महाराष्ट्रको सोलापुरको एक फैक्ट्रीमा लागेको आगोका कारण भएको मृत्युमा दुख व्यक्त गर्नुभएको छ।

- विदेशमंत्री डॉ. एस. जयशंकर नीदरलैंड, डेनमार्क अनि जर्मनीको छ दिवसीय आधिकारिक यात्रामा जानु हुनेछ।

- अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंप यूक्रेनमा युद्ध समाप्तिका लागि आज रूसका राष्ट्रपति व्लादिमीर पुतिन, यूक्रेनका राष्ट्रपति वोलोडिमिर ज़ेलेंस्की अनि नाटो देशोंका विभिन्न नेताहरुसित अलग-अलग बातचीत गर्नुहुनेछ।

- आईपीएल क्रिकेटमा गुजरात टाइटन्सले हिज राति दिल्ली कैपिटल्सलाई 10 विकेटले पराजित गरेको छ।

- मौसम विभागले अघिलो पांच दिनसम्म कर्नाटक, कोंकण अनि गोवा तथा केरल अनि छेउ छाउको प्रायद्वीपीय भारतमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**राष्ट्रपति, प्रधानमंत्री - सोलापुर आग**

राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेन्द्र मोदीले महाराष्ट्रको सोलापुरमा एक फैक्ट्रीमा लागेको आगोका कारण भएको मृत्युमा दुख व्यक्त गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा राष्ट्रपति मुर्मुले भन्नुभयो, आगोमा धेरै जनाको ज्यान गएको खबर खुबै दुखद छ। उहाँले सबै शोक संतप्त परिवार प्रति गहिरो संवेदना व्यक्त गर्नुभयो अनि घाइतेहरुको शीघ्र स्वस्थलाभको  कामना गर्नुभयो।प्रधानमंत्री नरेन्द्र मोदीले प्रत्येक मृतकको परिजनलाई प्रधानमंत्री राष्ट्रीय राहत कोषबाट दुइ लाख रुपियाँको अनुग्रह राशि दिने घोषणा गर्नुभयो। घाइतेहरुलाई 50 हजार रुपियाँ दिइने छ। उहाँले घाइतेहरुको शीघ्र स्वस्थ लाभको कामना गर्नुभयो।

**महाराष्ट्र-आग**

महाराष्ट्रको सोलापुर जिल्लामा एक औद्योगिक क्षेत्रमा तौलिया निर्माण इकाईमा लागेको आगोका कारण फैक्ट्री मालिक तथा एक श्रमिकका परिवारसहित आठ जनाको मृत्यु भएको छ। सेंट्रल टेक्सटाइल मिलमा आगलागी लगभग साढ़े तीन बजे लागेको थाहा लागेको छ। दमकलकर्मी बेलुकी साढ़े पांच बजेसम्म आगोलाई नियन्त्रण गर्न सफल बने| नियन्त्रण गर्ने क्रममा केहि दमकलकर्मिलाई सामान्य चोट लागेको छ।

**जयशंकर-यूरोप यात्रा**

विदेशमंत्री डॉ. एस. जयशंकर नीदरलैंड, डेनमार्क अनि जर्मनीको छ दिवसीय आधिकारिक यात्रामा जानु हुनेछ। भ्रमण 24 मई सम्म जारी रहनेछ|  विदेश मंत्रालयले दिएको जानकारी अनुसार यात्रा अवाधि डॉ. जयशंकर तीन देशका नेताहरुसित भेट गर्नुहुनेछ साथै द्विपक्षीय संबंध अनि आपसी हितहरुको क्षेत्रीय अनि वैश्विक मामिलामाथि आफ्नो समकक्षहरुसित चर्चा गर्नु हुनेछ।यो यात्रा भारतको कूटनीतिक अभियानको हिस्सा हो जसको उद्देश्य रणनीतिक संबंधलाई बलियो बनाएर प्रमुख यूरोपीय भागेदारहरुसित सहयोग बढाउनु रहेको छ।

**कर्नाटक- एल. मुरुगन**

केंद्रीय सूचना अनि प्रसारण राज्य मंत्री डॉ. एल. मुरुगनले हिज बेंगलुरुमा मंत्रालयको मीडिया इकाइहरुको कामकाजको समीक्षा गर्नुभयो। यस अवसरमा उहाँले दूरदर्शनको विभिन्न भागको भ्रमण गर्नुभयो अनि लोक प्रसारक द्वारा प्रसारित कार्यक्रम बारे जानकारी लिनु भयो। श्री मुरूगनले 'एक पेड़ माँ के नाम' कार्यक्रम अबअन्तर्गत दूरदर्शन केंद्र परिसरमा एक बिरुवा पनि रोप्नु भयो।

**इसरो – समिति**

भारतीय अंतरिक्ष अनुसंधान संगठन -इसरोले पीएसएलवी रॉकेट पृथ्वी अवलोकन उपग्रह ईओएस-09 लाई उसको इच्छित कक्षामा स्थापित गर्न विफल बनेको घटनाको जांचका लागि एक समिति गठित गरेको छ। इसरोका अध्यक्ष वी नारायणनले भन्नुभयो समितिले कारण थाहा लगाउन धेरै चरणको चर्चा गर्यो। श्रीहरिकोटाबाट हिज प्रक्षेपणको केहि मिनटपछि नै ध्रुवीय उपग्रह प्रक्षेपण यान-पीएसएलवी-सी61 रॉकेटमा खराबी आएको कारण इसरो पृथ्वी अवलोकन उपग्रह कक्षामा स्थापित गर्नमा विफल रह्यो। डॉ. नारायणनले भन्नुभयो रॉकेट चार चरण वाला यान हो। पहिलो दुइ चरण सफलतापूर्वक पूरा भएको छ। तथापी, तेस्रो चरणमा एक विसंगति देखियो अनि मिशन पूरा हुन सकेन| उहाँले 22 घंटाको उल्टा गन्तीपछि योजना अनुसार रॉकेट हिज बिहान पांच बजेर 59 मिनटमा प्रक्षेपित गरियो अनि सबै प्रणालिहरु एक बिंदुसम्म सामान्य रूपले काम गरिरहेको जानकारी दिनुभयो।

**बसपा- बैठक**

उत्तर प्रदेशका पूर्व मुख्यमंत्री अनि बहुजन समाजवादी पार्टी-बसपाका प्रमुख मायावतीले आकाश आनंदलाई पार्टीको मुख्य राष्ट्रीय समन्वयक नियुक्त गरेको छ। नयाँ दिल्ली स्थित पार्टीको केंद्रीय कार्यालयमा राष्ट्रीय स्तरिय बैठकमा यो निर्णय गरिएको हो। आकाश आनंद देशमा बसपाको आगामी कार्यक्रमहरुको जिम्मेवारी पनि सम्हाल्नु हुनेछ।बैठक अवधि सुश्री मायावतीले पहलगाममा आतंकवादी हमलाको जवाबमा चलाइएको ऑपरेशन सिंदूर मार्फत भारतीय सशस्त्र बलको वीरता अनि साहसको पनि सराहना गर्नुभयो। उहाँले भन्नुभयो केंद्र सरकारले आतंकवाद बिरुद्ध प्रभावी कदमलाई जारी राख्न पर्छ, फलस्वरुप सरकार आफ्नो पूरा ध्यान अनि संसाधन विकसित भारतको आकांक्षाहरु पूरा गर्नमा केंद्रित गर्न सकोस। उहाँले कश्मीर मुद्दामा अमरीका या कुनै अन्य तेस्रो पक्षको हस्तक्षेप स्वीकार नगर्ने राष्ट्रीय सहमतिलाई कडाइका साथ पालन गर्न पर्ने बताउनु भयो।

**एनसीसी माउंट एवरेस्ट**

राष्ट्रीय कैडेट कोर- **एनसीसी को** अभियान दलले माउंट एवरेस्टमाथि सफलतापूर्वक चढ़ाई गरेर महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। दलमा 10 एनसीसी कैडेटको साथ चार अधिकारी, दुइ जूनियर कमीशन अधिकारी, एक बालिका कैडेट प्रशिक्षक अनि 10 गैर-कमीशन अधिकारी सामेल थिए| दस कैडेटमा पांच पुरुष अनि पांच महिला रहेको थियो। यस अभियानलाई रक्षा मंत्री राजनाथ सिंहले तीन अप्रैलको दिन नयाँ दिल्लीबाट हरियो झंडा देखाउनु भएको थियो। रक्षा मंत्रालयले चयनित कैडेटहरुलाई देशभरिबाट चयन गरिएको थियो।

**अनिवार्य घोषणा**

आकाशवाणीको समाचार सेवा प्रभागको साप्ताहिक फोन-इन कार्यक्रम **"पब्लिक स्पीक"** मा आज **राती साढे नौ** बजे **"टीबीको रोकथाम अनि उपचार"** विषयमाथि चर्चा प्रसारित गरिनेछ। नयाँ दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान-**एम्स** का पल्मोनरी मेडिसिनका एसोसिएट प्रोफेसर डॉ. सौरभ मित्तल अनि सफदरजंग अस्पतालका पल्मोनरी मेडिसिनका विभागाध्यक्ष डॉ. रोहित कुमारले यस चर्चामा भाग लिने छन्| कार्यक्रम अवधि, श्रोताहरुले विशेषज्ञहरुसित टीबीको कारण, लक्षण, शुरुआती पहिचान अनि उपचार बारेमा टेलीफोन नंबर अनि व्हाट्सऐप मार्फत प्रश्न सोध्न सक्नेछ। टेलीफोन नंबर - **0 1 1 - 2 3 4 2- 1 0 5 0 अनि 0 1 1 - 2 3 3 1 4 4 4 4 तथा व्हाट्सएप** नंबर - **9 2 8 -9 0 9 -4 0 4 4.मा** श्रोताहरुले प्रश्न राख्न सक्ने छन्|

**ट्रंप-रूस यूक्रेन वार्ता**

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंप यूक्रेनमा युद्ध समाप्तिका लागि आज आज रूसका राष्ट्रपति व्लादिमीर पुतिन, यूक्रेनका राष्ट्रपति वोलोडिमिर ज़ेलेंस्की अनि नाटो देशोंका विभिन्न नेताहरुसित अलग-अलग बातचीत गर्नुहुनेछ। एक सोशल मीडिया पोस्टमा

राष्ट्रपति ट्रंपले भन्नुभयो, वार्ताको विषय युद्ध रोक्नु हुनेछ। यस युद्धमा हरेक सप्ताह रूस अनि यूक्रेनको पांच हजार सैनिकको ज्यान गइरहेको छ। रूस सरकारका प्रवक्ता दिमित्री पेस्कोवले पुष्टि गरे अनुसार राष्ट्रपति पुतिन अनि अमरीकी राष्ट्रपति बीच टेलिफोन बातचीतका लागि तैयारि भईरहेको छ।

**<u>पुतिन - बयान</u>**

रूसको राष्ट्रपति व्लादिमीर पुतिनले भन्नु भएको छ यूक्रेनमा आफ्नो अभियान चलाउने अनि आफ्नो घोषित उद्देश्यहरुलाई प्राप्त गर्नको लागि रूससित पर्याप्त सैन्य शक्ति छ। रूसी स्टेट टीवीसित एक साक्षात्कारमा पुतिनले भन्नु भयो रूसले परमाणु हथियारहरुको उपयोग गर्ने गलती गराउन धेरै प्रयास गरे । तर रूससित यस्तो हथियारहरुको सहारा बिना आफ्नो लक्ष्यलाई पूरा गर्ने पर्याप्त बल अनि सैन्य शक्ति छ।श्री पुतिनले भन्नु भयो अभियानको उद्देश्यमा संघर्षको मूल कारणहरुको समाधान तथा दीर्घकालिक अनि स्थायी शांतिको लागि परिस्थितिहरुको निर्माण गर्न अनि रूसलाई सुरक्षा प्रदान गर्नमा शामिल छ।

**<u>क्रिकेट-आईपीएल</u>**

आईपीएल क्रिकेटफमा गुजरात टाइटन्सले हिज राति डेल्ही कैपिटल्सलाई 10 विकेटले हरायेको छ। दिल्लीको अरुण जेटली स्टेडियममा 200 रन को लक्ष्यलाई पच्यायेरा गुजरातको सलामी जोड़ी साई सुदर्शन अनि कप्तान शुभमन गिल नट आउट भएर लक्ष्य हासिल गरे। सुदर्शनको शानदार शतक अनि गिलको 93 रनको पारीले गुजरातले अन्तिम 1 ओवरमा जीत हासिल गरे। सुदर्शनलाई प्लेयर ऑफ़ द मैच घोषित गरियो। यस अघि डेल्हीले निर्धारित 20 ओवरमा 3 विकेटमा 199 रन बनाए। ओपनर केएल राहुलले नट आउट भएर शतक बनाएका थिए। यस जीत पछि गुजरात टाइटंस अंक तालिकामा शीर्षमा पुगेको छ साथै प्लेऑफको लागि क्वालीफाई पनि भएको छ। त्यसरी नै रॉयल चैलेंजर्स बेंगलुरु अनि पंजाब किंग्स पनि प्लेऑफमा पुगेको छ । प्लेऑफमा पुग्नको लागि चौथी टीमको खेल जारी छ।

****** ० ******